नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: सार्वजनिक शान्ति बिरुद्धको कसूर ।**

**मि.नं.-३३ दायर मितिः-२०८१/०४/२१**

**फैसला मितिः-२०८१/०५/१७**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **प्र.ना.नि.राजाराम यादव समेतको प्रतिवेदनले नेपाल सरकार.........................१** | **भारत विहार राज्य पश्चिम चम्पारण जिल्ला बेतिया थाना ईनरवा पिडरी गाउँ बस्ने भुखल महतोको छोरा बर्ष ४५ को करिमन महतो........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुर्याएको भन्ने प्रहरी प्रतिवेदन.।
२. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुर्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुर्याएकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. प्रहरीलाई गाली गलौज गर्दै कर्तव्य पालनामा बाधा पुर्याएकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सत्य प्रकाश सहनी समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०३।२७ गते अ.२२:०० बजेको समयमा जिल्ला पर्सा बहुदरमाई न.पा.वडा नं.८ स्थित सडकमा ठोरीतर्फ जाँदै गरेको BR२२Q७३०१ नं.को ट्याक्टरले विपरीत दिशाबाट आउदै गरेको मोटरसाईकललाई ठक्कर दिई दुर्घटना गराई ट्याक्टर चालक भागि फरार रहेकोमा ऐ.२८ गते अ.१७:३० बजेको समयमा दुर्घटना गराई भागेका करिमन महतोलाई बहुदरमाई न.पा. ८ स्थित फेलापारी घटना सम्बन्धमा सोधपुछ गर्दा निजले आवेशमा आई बिभिन्न अपशब्द प्रयोग गरी गालि गलौज गर्दै कर्तव्य पालनमा बाधा पुर्याएको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी करिमन महतोलाई कैद १ महिना २१ दिन, ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी करिमन महतोलाई ठहरेको कैद १ महिना २१ दिन को हकमा निज मिति २०८१/०३/२८ देखि २०८१/०५/१६ सम्म हिरासत र थुनामा बसी कैद भुक्तान गरिसकेकोले थुना मुक्त गर्न कारागार कार्यालय पर्सालाई पत्र लेखु १

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्याददिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु-------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

दिनेश सागर भुसाल

प्रमुख जिल्ला अधिकारी

ईति सम्बत् २०८१ भाद्र महिना १७ गते सोमवार रोज २/ ने.सं. ११४४ गुंलागा आमै, शुभम् ........